सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३३ ♦ २०८२ साल असोज ५ आइतवार ♦ 21 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## मधेस प्रदेशसभा बैठक असोज ७ गते बस्दै



**खबर दर्पण समाचारदाता**
**असोज ४ गते, बर्दिवास**

मधेस प्रदेश सभाको बैठक असोज ७ गते मङ्गलवार बोलाउने सर्वदलीय सहमति भएको छ ।

मधेस प्रदेश सचिवालयमा सभामुख रामचन्द्र मण्डलको अध्यक्षतामा आज बसेको सर्वदलीय बैठकले असोज ७ गते दिउँसो १ बजे प्रदेश सभाको बैठक बोलाउने सहमति भएको नेकपा एकीकृत समाजवादी पार्टीका प्रमुख सचेतक ई.कनिष पट्टेलले जानकारी दिनुभयो ।

सङ्घीयताको विषयमा विभिन्न खालको टिप्पणीहरू भइरहेको समयमा मधेश प्रदेश सभामा रहेका सबै राजनीतिक दलले सङ्घीयताको विषयमा एक रहनुका साथै सकारात्मक सन्देश प्रवाह गर्न बैठक आव्हान गर्ने निर्णय भएको सभामुख मण्डलले बताउनुभयो ।

जेन-जी आन्दोलनको क्रममा मधेस प्रदेशसभामा आगजनी एवं तोडफोड तथा लुटपाट भएका कारणले ३० देखि ४० करोड क्षति भएको वेलामा क्षतिग्रस्त संरचनाको तत्काल सामान्य मरम्मत गरेर प्लाष्टिकको कुर्सीमा प्रदेश सभाको बैठक गर्ने सहमति भएको छ ।

बैठकमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह लगायतका विभिन्न राजनीतिक दलका नेताहरू सहभागी हुनुहुन्थ्यो ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस!**
“सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!“
**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!**
“सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!“
**मिथिला नगरपालिका, धनुषा**

## प्रदेशसभा फेस गर्ने मुख्यमन्त्री सिंहको तयारी

**खबर दर्पण समाचारदाता**
**असोज ४ गते, बर्दिवास**




मधेशका मुख्यमन्त्री सतिष कुमार सिंहले जेन-जी आन्दोलनको क्रममा सामाजिक सञ्जाल फेसबुकमार्फत राजीनामा घोषणा गरे। गत भदौ २४ गते जेन-जी आन्दोलनको क्रममा तोडफोड, आगजनी तथा लुटपाट हुन थालेपछि सुरक्षा घेराभित्र रहेका मुख्यमन्त्री सिंहले आफ्नो सचिवालयको फेसबुकमार्फत राजीनामा घोषणा गरे।

जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सिके) राउतले समेत आफ्नो फेसबुकबाट नेकपा एमालेको सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारलाई दिएको समर्थन फिर्ता लिँदै जनमत पार्टीका मुख्यमन्त्री सिंहले पदबाट राजीनामा दिने निर्देशन दिए। त्यसलगत्तै जनमतका प्रवक्ता शरदसिंह यादवले समेत सरकारलाई दिएको समर्थन फिर्ता लिँदै मधेश सरकारबाट बाहिरिने घोषणा गरे।

मुख्यमन्त्री सिंहले समेत नागरिकको ज्यान भन्दा ठूलो अरू केही नभएको र जनताको अधिकार र भविष्यप्रति उत्तरदायी हुँदै म मधेश प्रदेशको मुख्यमन्त्री पदबाट राजीनामा गरेको स्विकार गरे। उनले राजीनामा दिँदै लेखेका थिए, ‘कसैको जनधनको क्षति नहोस्, सार्वजनिक सम्पत्तिको क्षति नहोस् भनेर राजीनामा दिनुपर्छ भनेर म तयार छु।’

फेसबुकमा राजीनामा घोषणा गरे पनि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी जनकपुरधाम बाहिर रहेकाले औपचारिक पत्र बुझाएनन्। प्रदर्शनपश्चात आगजनी तथा तोडफोडले अस्तव्यस्त मधेश भवनमा तत्काल माहोल शान्त नभएसम्म प्रदेश प्रमुख भण्डारी काठमाडौंमा घेरिएका थिए।

एयरपोर्ट बन्द रहेकाले तत्काल जनकपुर आउने वातावरण पनि थिएन। सोही क्रममा भदौ २८ गते जनमत पार्टी मधेशका संसदीय दलका नेता महेश प्रसाद यादवले सरकारलाई दिएको समर्थन फिर्ता सहित मुख्यमन्त्री र मन्त्रीलाई फिर्ता बोलाएको पत्र मधेश प्रदेशसभामा सभामुख रामचन्द्र मण्डल कहाँ दर्ता गराए।

मुख्यमन्त्रीको छलफल बिनै दलका नेताले पठाएको पत्रले मुख्यमन्त्री आक्रोशित भए। उनले भने, ‘प्रदेश प्रमुखज्यू यहाँ हुनुहुन्न, यस्तो बेलामा मैले कसलाई पत्र पठाउने ? राजीनामा कसलाई बुझाउने ? छलफल विनै मुख्यमन्त्री र मन्त्रीलाई बोलाउने निर्णय एक्कासि सामाजिक सञ्जालमा कसरी छताछुल्ल भयो ?’ साथै उनले सरकार समर्थित दलहरू नेकपा एमाले, नेपाली काँग्रेस र लोसपासँगै प्रतिपक्षी दलहरू नेकपा एकीकृत समाजवादीसँग पनि छलफल गरे। छलफलमा सबैले सकारात्मक प्रतिक्रिया जनाए। जसले मुख्यमन्त्री सिंहले विश्वासको मत दिने र मुख्यमन्त्रीमा कायम रहन हौसला बढाए।

जसले गर्दा बिच्किएको मुख्यमन्त्री सिंह एमालेको जोडबलले मुख्यमन्त्रीबाट राजीनामा नदिने मुडमा गए। जनमतले भने मुख्यमन्त्री सिंहलाई हटाउन कसरत गरिरहे। जनमत पार्टीको अनुशासन विभागले २४ घण्टे र ३ दिने स्पष्टीकरण समेत सोध्यो। तर मुख्यमन्त्रीले जनमतको स्पष्टीकरण पत्रलाई बेवास्ता गरे। जनमतले आफ्नो दुई मन्त्री उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री इन्जिनियर बसन्त कुमार कुशवाहा र वन तथा वातावरण मन्त्री सञ्जय कुमार कुशवाहालाई फिर्ता बोलाइसकेको छ।

यता नेकपा एमालेबाट मन्त्री बनेका संसदीय दलका नेता सरोज कुमार यादव लगातार दुई पटक मन्त्री भए। अब मन्त्रिमण्डल गठन भए यादव मन्त्रिमण्डलमा स्थान नपाउने निश्चित जस्तै छ। किनकी यादवमाथि एमालेका उपाध्यक्ष ईश्वर पोखरेलले एक कार्यक्रममा यादवतर्फ संकेत गर्दै कमिसन लिने गरेको बताएका थिए।


साथै मन्त्रिमण्डल फेरिए तेस्रो पटक मन्त्रिमण्डलमा समावेश नहुने आशंका सहित यसै सरकारलाई जसोतसो बढाउन एमालेको मुख्य कसरत चलिरहेको छ। तर एमालेका प्रमुख सचेतक हरिनारायण महतोले मुख्यमन्त्रीले घोषणा गरिसकेकाले नैतिकताको आधारमा भएपनि राजीनामा दिनुपर्ने बताएका छन्।

यता जनमतका संसदीय दलका नेता महेश प्रसाद यादवले संसदीय दलका नेताको हैसियतले मुख्यमन्त्री बन्न नपाएकोमा पहिल्यैदेखि बिच्किएका छन्। जसको बदलामा उनी सक्दो छिटो

*बाँकी पृष्ठ २ मा*

**शिरीष अफसेट प्रेस**
**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जनकपुर ब्युँझाउने जचुकालिको .........

आउँदा जनकपुर चुरोट कारखानासँगै खोपासी (पनौती) हाइड्रो, तत्कालीन महेन्द्र राजमार्गको पथलैया-ढल्केबर खण्ड, कृषि सामग्री कम्पनी, कान्ति अस्पताल, वीरगन्ज चिनी कारखानालगायतका क्षेत्रमा लगानी गर्ने सम्झौता भएको थियो । नेपालमा सुर्ती अम्मलीको भरथेग बिँडी र भारतीय चुरोटले गरिरहेको थियो । नेपालमा पनि चुरोट कारखाना स्थापना गर्ने सरकारको सोच थियो । सोभियत संघबाट सहयोग प्राप्त भएपछि 'जनकपुर चुरोट कारखाना' को शिलान्यास २०१९ मंसिर ८ गते भयो । २०२१ पुस २९ मा तत्कालीन राजा महेन्द्रले कारखाना उद्घाटन गरेका थिए ।

जचुकालिभित्र चुरोट उत्पादन गर्ने कारखाना, प्रशासनिक भवन, सुर्ती राख्ने गोदामसँगै आवासीय क्षेत्र, गेस्ट हाउस, बैदेही स्कुल, अस्पताल, कभर्ड हल र फुटबल मैदान पनि बनाइयो । 'कर्मचारीका बच्चा जचुकालिकै स्कुलमा पढ्थे, त्यहींको अस्पतालबाट उपचार पाउँथे,' जचुकालिका पुराना कर्मचारी अनुराग गिरी भन्छन्, 'जचुकालि कारखाना मात्रै थिएन, सयौंको परिवारको घर पनि थियो ।' गिरीका अनुसार बिहान साढे ६, ७, ११, साढे २, ३ र राति ११ बजे बज्ने जचुकालिको साइरनसँगै जनकपुर उठ्ने र सुत्ने गर्थ्यो ।

जचुकालि सञ्चालनताका ३ सय कर्मचारी भर्ती गरिए । कारखानाको सुरुवाती अधिकृत पुँजी ८ करोड र चुक्ता पुँजी ४ करोड रुपैयाँ थियो । बहुदलअघि जचुकालिले वार्षिक ७ करोड ५४ लाख रुपैयाँ नाफा कमाएर सरकारलाई ३ करोड ३५ लाख कर तिरेको थियो । पुराना कर्मचारी गिरीका अनुसार, जचुकालि सरकारलाई सर्वाधिक कर तिर्ने कारखाना मात्रै थिएन, उसले नेपालका खेलाडीलाई तलबै दिएर खेलकुद प्रवर्द्धन पनि गर्थ्यो । 'सबैजसो खेलका खेलाडीलाई जचुकालिले अनुबन्ध गरेको थियो,' गिरी अतीत सम्झिन्छन्, 'खेलाडीको काम हुन्थ्यो- खेल अभ्यास गर्नु र जचुकालिको टिमबाट प्रतियोगिता खेल्नु ।' फुटबल, क्रिकेट, भलिबल, ह्यान्डबल, टेबलटेनिस, पौडी, ब्याडमिन्टन, खोखोलगायतका खेलमा जचुकालिको आफ्नै र अब्बल टिम थियो । जचुकालि टिमबाट थुप्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय ह्यान्डबल प्रतियोगिता खेलेका पूर्वकर्मचारी पवनलाल कर्णका अनुसार, जचुकालिले खेललाई प्रोत्साहन मात्रै गरेको थिएन, खेलाडी आश्रित परिवारको गुजारा पनि त्यहींबाट चलेको थियो । 'हाम्रो काम खेल्ने मात्र थियो । खेल सामग्रीदेखि तलबसम्म जचुकालिले नै पुर्‍याउँथ्यो,' कर्ण भन्छन्, 'जचुकालिले राम्रा खेलाडी उत्पादन गरेर दिएको थियो ।'

कर्मचारी रामलखन शर्माका अनुसार, जचुकालिको सुरुवाती चरणमा 'आशा', 'ज्वाला' र 'गरुड' नामका चुरोट उत्पादन थालिएको थियो । 'पछि, गैंडा, चुचुरा, सिंह र जानकी ब्रान्डको चुरोट उत्पादन थालियो,' शर्माले भने, 'त्यसलगत्तै मुनाल, कोसेली, कस्तूरी, दोभान र हिमचुली चुरोट पनि बजारमा ल्याइयो ।' शर्माका अनुसार, जचुकालिले चुरोट-पारखीका रोजाइअनुसार ब्रान्डमा लगालग परिवर्तन गर्दै गयो । 'याक, देउराली, सयपत्री, उपहार र लालीगुराँस चुरोट जचुकालिको पछिल्लो उत्पादन थियो,' उनी भन्छन्, 'यी सबै उत्पादनमध्ये याक, गैंडा, देउराली र सयपत्री धेरै रुचाइयो ।'

बजारमा चुरोटको माग बढेपछि ०४४ सालमा कारखानामा ठूलो संख्यामा कर्मचारी भर्ती गरियो । ४ हजार ७ सय कर्मचारीले जचुकालिमा काम पाएका थिए भने तीन सिफ्टमा चुरोटको उत्पादन हुन्थ्यो । जचुकालि नेपालको पहिलो कारखाना हो, जहाँ चुरोटको कच्चा पदार्थ सुर्ती ल्याउन रेलको लिक नै बिछ्याइएको थियो ।

जनकपुर मात्र होइन, मुलुकका २६ सहरमा भवन र जग्गा थियो- जचुकालिको । जचुकालि घाटामा गएपछि धेरै ठाउँका भवन र जग्गा बेचेर कर्मचारीलाई तलब खुवाइएको थियो । काठमाडौंको बानेश्वरमा रहेको जचुकालिको भवन बिक्री भइसकेको छ । बुटवलस्थित जचुकालिको क्षेत्रीय कार्यालयको दुईतले भवन हाल एक जना कुरुवाको भरमा प्रयोगविहीन छ । नारायणगढको भवन पनि प्रयोगमा छैन । धनुषा, महोत्तरी, विराटनगर, उदयपुर, वीरगन्ज, पोखरा, नारायणघाट, नेपालगन्ज, सुर्खेत, दिपायल, सिन्धुली, धनगढीमा रहेको जचुकालिको जग्गा प्रयोगविहीन छ ।

जचुकालिको उद्घाटनका दिन जनकपुरमा ठूलो हर्ष थियो । सयौं मानिस त्यो क्षणको साक्षी थिए । देशकै मेरुदण्ड रहेको जचुकालि राजनीतिक परिवर्तनको साक्षी मात्रै बनेनन्, त्यसको कोपभाजनमा पनि पर्‍यो । कारखानालाई सोभियत संघको सहयोग प्राप्त हुँदा दलहरू प्रतिबन्धित थिए । प्रजातन्त्र बहालीपछि २०१६ सालमा बीपी कोइराला नेतृत्वको सरकारमा रहेका उद्योग तथा वाणिज्यमन्त्री रामनारायण मिश्रले जनकपुरमा चुरोट कारखाना स्थापना गर्ने निर्णय गरे । तर १ पुस, २०१७ मा निर्दलीय पञ्चायत आएपछि जचुकालि बन्ला कि नबन्ला संशय थियो ।

२०४६ सालमा बहुदल स्थापनासँगै कारखानाको उत्पादन र बजार विस्तार बढ्दै थियो । ०४६ को आन्दोलनमा कारखानाको साइरन फरक समयमा बज्यो- एक दिन । जनकपुरवासी आश्चर्यचकित भए । कारखानाका कर्मचारी सबै सडकमा उत्रिए । त्यो दिन जनकपुरको आन्दोलन उत्सर्गमा पुगेको थियो । बिस्तारै जचुकालिमा पनि राजनीति पस्यो । ट्रेड युनियनका नाममा कर्मचारीको मनोपोली

बढ्यो । नेतृत्वमा राजनीतिक नियुक्ति हुन थाल्यो । प्रतिस्पर्धी सूर्य टोबाको बजारमा आएपछि जचुकालिको बजार खुम्चियो । एकताका देशलाई सर्वाधिक कर तिर्ने जचुकालि घाटामा चल्न थाल्यो । २०७० असार २० गते मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मी नेतृत्वको सरकारले जचुकालि बन्द गर्ने निर्णय गर्‍यो । अब जचुकालि पुनः सञ्चालन, निजीकरण वा प्रदेश सरकारकै मुख्यालयका लागि प्रयोग गरिरहने ? यो विवाद छँदै छ ।

२०७५ माघ दोस्रो साता । मधेश प्रदेश सरकार भर्खर तंग्रिँदै थियो । मन्त्रालयमा कुर्सी-टेबल-कार्पेट मिलाउन व्यस्त रहेका बेला तत्कालीन उद्योगमन्त्री मातृकाप्रसाद यादव लावालस्कर सहित जचुकालिको प्रमुख प्रशासनिक भवनमा पुगे । सञ्चार कर्मीलाई पनि त्यहीं बोलाइएको थियो । प्रदेश सरकारलाई प्रयोग गर्न तोकिएको आवास क्षेत्रबाहिर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राखेपछि यादव आक्रोशित बनेका थिए । सरकारी निवासबाटै कार्यालय सञ्चालन गरिरहेका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले जचुकालिको कार्य महाशाखा भवनमा मुख्यमन्त्री कार्यालय राखेपछि यादव-राउतबीच टसल नै भयो ।

'जचुकालि पुनः सञ्चालनमा ल्याइनेछ । प्रदेश सरकारलाई ठाउँ सर्न भनेको छु,' तत्कालीन उद्योगमन्त्री यादवले सञ्चार कर्मीसित भनेका थिए । यादव जचुकालिबाट प्रदेश सरकारलाई धपाउन लागिपरे पनि तत्कालीन मुख्यमन्त्री राउतले भने जचुकालिको नामै फेरेर 'मधेश भवन' राखिदिए । जचुकालिको नाम फेरेर मधेश भवन राखिएको झोंकमा तत्कालीन उद्योगमन्त्री यादवले भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मुख्यद्वार मै 'जनकपुर चुरोट कारखाना लिमिटेड' को बोर्ड झुन्ड्याउन लगाए ।

२०७९ साउन ११ गते जचुकालिको निरीक्षण गर्न आइपुगेका तत्कालीन उद्योगमन्त्री दिलेन्द्रप्रसाद बडूले जचुकालि पुनः सञ्चालनमा ल्याइने बताएका थिए । 'जचुकालिका कति मेसिन उपयोग गर्न सकिन्छ ? नेपाल सरकार आफैंले चलाउने कि निजी क्षेत्रसँग मिलेर सञ्चालनमा ल्याउने ? त्यो विषय छलफलपछि तय हुनेछ,' बडूले त्यतिबेला भनेका थिए । तर, जचुकालिका पूर्वकर्मचारी र प्राविधिकहरू जीर्ण भवन र खिया लागेको मेसिनबाट जचुकालिलाई पुनः सञ्चालनमा ल्याउन सम्भव नभएको बताउँछन् । 'अहिलेको हालतमा जचुकालिलाई सरकार वा निजी क्षेत्र कसैले पनि सञ्चालनमा ल्याउन सक्दैन,' जचुकालिका पूर्वमहाप्रबन्धक अनुराग गिरी भन्छन्, 'भारत, चीन र नेपालकै ठूला घरानाले जचुकालि सञ्चालनमा ल्याउन चासो देखाएका हुन्, तर सम्भावना देखिँदैन ।'

गिरीका अनुसार, यो जचुकालिको जीर्ण बनेको भवन र कवाड बनेका मेसिन होइन, जग्गामा आँखा लगाएर पुनः सञ्चालन वा निजीकरण गर्ने मनसाय हुन सक्छ । 'त्यो सडेको माल कसले किन्छ ? त्यसमाथि जचुकालिभित्र एउटा सरकार नै बसेको छ,' उनी भन्छन्, 'सरकारलाई बाहिर निस्क कसले भन्ने होला ? त्यसैले जचुकालिलाई पुनः सञ्चालन वा निजीकरण गर्ने कुरा राजनीतिक स्टन्ट मात्रै हो ।'

जचुकालि बन्द भएको ११ वर्षयता बनेका प्रायः सबै संघीय उद्योगमन्त्रीले जचुकालिलाई पुनः सञ्चालनमा ल्याइने वाचा गर्दै आएका छन् । तर, मधेश प्रदेश सरकारका मन्त्रालय, निकाय, विभाग, कार्यालय भने जचुकालिभित्र थपिन रोकिएको छैन । नयाँ संरचना नबनाएर पुरानैलाई मर्मत-सम्भार गरी प्रयोग गर्ने सर्तमा जचुकालि प्रदेश सरकारलाई दिइएको हो । तर, ७ वर्षदेखि जचुकालि प्रयोग गरिरहेको प्रदेश सरकारले भने गृह, सञ्चार र कानुन मन्त्रालय तथा युवा तथा खेलकुद मन्त्रालयका लागि छुट्टाछुट्टै भवन बनाएको छ । निवास क्षेत्रमा थुप्रै नयाँ भवन थपिएको छ ।

प्रदेश सरकारले जचुकालिभित्रै रहने वा अन्यत्र प्रशासनिक भवन बनाउने, अन्योलै छ । जनकपुरमा जग्गा प्राप्तिको दुई समस्या छ । एउटा, यहाँको जग्गाको मूल्य चर्को छ । दोस्रो, अधिकांश जग्गा गुठी संस्थान र मठ-मन्दिरको छ । जचुकालि जनकपुरको मुख्य बजार मै छ । एकैथलोमा अटाएको मधेश प्रदेश सरकारलाई भने जचुकालिको परिसर नै प्यारो लागेको छ । 'मधेश प्रदेश सरकारको संक्षिप्त परिचय' मा पनि जचुकालिबारे उल्लेख गरिएको छ । 'मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत अधिकांश सबै मन्त्रालय प्रदेश सरकारको निर्णयअनुसार जचुकालिभित्रका पुराना भवन मर्मतसम्भार गरी कार्य गरिरहेका छन् । चुरोट कारखानाका पुराना घरहरू मर्मत गरी प्रदेश प्रमुख, मुख्यमन्त्री र मन्त्रीहरूको आवास व्यवस्था गरिएको छ,' मुख्यमन्त्री कार्यालयको संक्षिप्त परिचयमा लेखिएको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह जचुकालि हाल प्रदेश सरकारको स्वामित्वमै रहेकाले तत्काल यहाँबाट सिफ्ट हुने कुनै योजना नरहेको बताउँछन् ।

-कान्तिपुर

# प्रदेशसभा फेस गर्ने ...

मुख्यमन्त्रीलाई अपदस्थ गर्न लागि परेका छन्।

यता जनमत पार्टी संसदीय दल मधेश प्रदेशका नेता महेश यादवले जनमत पार्टीबाटै मुख्यमन्त्री बन्नु भएका सिंहले पार्टीको निर्णय नमान्नु ठिक नभएको बताउनुभयो। दलले स्पष्टीकरण सोधेर मुख्यमन्त्रीलाई कारबाही प्रक्रियामा ल्याउने बताउनुभयो।

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले समर्थन फिर्ता लिएको ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने प्रावधान अनुसार प्रक्रिया अगाडि बढ्ने बताउनुभएको छ।

प्रदेश प्रमुखका स्वकीय सचिव टीकाराम उप्रेतीले मुख्यमन्त्रीको विश्वासको मतको सन्दर्भमा प्रदेशसभाले नै टुंगो गरेर प्रदेश प्रमुखको कार्यालयमा सिफारिस गरेपछि प्रदेश प्रमुखले प्रमाणिकरण गर्ने अधिकार मात्रै भएको बताउनुभयो।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ओलीको तबलाले मिलाएन ताल, फलतः अस्तव्यस्त भयो भूराजनीतिक धरातल



तत्कालीन प्रधानमन्त्रीले दक्षिण एसियामा प्रभूत्वको प्रतिस्पर्धामा रहेका शक्ति राष्ट्रसँग सन्तुलन मिलाउन किन सकेनन् ? केपी ओलीले महानगरको मेयर बालेन शाहलाई बधाईसँगै तबला उपहार दिएका थिए । सिंहदरबार जलाउने दिन आउँदासम्म जेन-जी को 'डिफ्याक्टो लिडर' र केपी ओलीबीच कहिल्यै ताल मिलेन ।



● रणधीर चौधरी

नेपालको इतिहासमा यस वर्षको भदौ २३ गते सदा स्मरणीय रहने छ । नागरिक अधिकारमाथि सत्ताले विध्वंस मच्चाएको दिन हो यो । नागरिक अधिकारमाथि धावा बोल्ने कामको शुरुवात पूर्ववर्ति केपी ओली सरकारबाटै भयो । मन्त्रिपरिषद बैठकले भदौ ९ गते विभिन्न २६ वटा सामाजिक सञ्जाललाई सूचना प्रविधि तथा सञ्चार मन्त्रालयमा हुन निर्देशन दियो । सबै सूचिकृत भएनन् । कतिपय सञ्जाल बन्द गरिए । यस्तो कदमको चौतर्फी विरोध भयो । तर पनि सरकार आफ्नो निर्णयबाट टसमस भए । ती सामाजिक सञ्जाल कसैका लागि समय बिताउने, कसैका लागि मनोरञ्जन गर्ने, कसैका लागि सूचना र ज्ञान आर्जन गर्ने थलोमात्रै थिएन, थुप्रै युवाले आय आर्जनको ठूलो माध्यम बनाएका थिए । त्यसमाथि भएको दमन वा निषेधको प्रतिक्रिया हो, भदौ २३ ।

नेपालको अर्थतन्त्रमा रेमिट्यान्स (विप्रेषण) को ठूलो योगदान छ । रहरले विदेशिएका हुन् या बाध्यताले, सामाजिक सञ्जाले नै उनीहरूलाई आफ्नो परिवारसँग जोडेर राख्छ । पछिल्ला दशकमा जुन पार्टीका सरकार आए पनि तालीभन्दा गाली अधिक पर्ने गर्थ्यो । यद्यपि, एउटा खास पुस्ताले आजको डिजिटल युगमा पुराना नेताले गर्दै आएको 'सत्ता कब्जा' को रचनात्मक विरोध गरिरहेका थिए । पछिल्लो तीन वर्षमा आएका प्रधानमन्त्रीले त काठमाडौं महानगरको मेयरसँग फेसबुकमा वाकयुद्ध गर्नु परिरहेको थियो । यसपालि यो देशमा सरकार परिवर्तनसँगै पुराना दल सुध्रिएर आएनन् भन्ने देशको राजनीतिमा अकल्पनीय असन्तुलन आउन सक्छ भन्ने अवस्था सिर्जना भएको छ । जेनजी आन्दोलनको कार्यतालिका अनुसार घटनाक्रमको विकास हुन पाएको भए २४ गतेजस्तो विध्वंस मच्चिने थिएन । तर, परिस्थिति असामान्य बनिसकेपछि घटनाक्रमले छद्मरुप लिँदै परिस्थितिलाई असामान्य बनाइदिन्छ ।

**दृश्यमा देखिएको जेन-जी**

'जेनरेशन जेड' को फ्रेममा रहेको पुस्तालाई इन्टनेटको सुलभ पहुँच भएको युगमा जन्मेका 'जेन-जी/जेड' भनेर पनि चिनिन्छ । जेनजी प्रविधिको प्रयोग मात्र गर्दैनन्, त्यसैभित्र बाँच्छन् । यो यस्तो पुस्ता हो, जसले एक छाक खान नपाएको व्यथालाई इन्टरनेटको माध्यमले कथा बनाएर पस्किन चाहन्छ । प्राडो र हेलिकप्टरमा लाखौं खर्च गरेर देश विकासको नाममा खोक्रा भाषण रुचाउँदैन, जेनजीले । यो पुस्ताले '...गरिबको चमेली बोल्दिने कोही छैन' जस्ता शब्दलाई ऱ्याप शैलीमा गाएर लाखौं गरिब र मध्यमवर्गीय जेनजीको 'एलगोरिदम' लाई निर्देशित र नियन्त्रण गरिरहेको हुन्छ । जेनजी चरित्रले पोलिटिकल नै हुनुपर्छ भन्ने छैन। तर, नेपाली राजनीतिमा मेयर बालेन्द्र शाह जेनजीको सुषुप्त आन्दोलनको प्रतिफल हो ।

पार्टी दर्ताको लागि माहोल बनाउन र 'नेपो बेबीज/किड्स' आन्दोलनको लागि कन्टेन्ट उत्पादनको लागि भए पनि जेनजी आन्दोलन निश्चित थियो । 'जुमर' भनेर समेत चिनिने यो पुस्ताले नेपालको राजनीतिको आडमा भ्रष्टाचार र कुशासनको चंगुलमा फसाएर देशलाई कंगाल बनाएका नेता वा सार्वजनिक पद धारण गरेका ठालू र तीनका सन्तानको जीवनशैलीलाई जेनजीले जुम गर्न थालिसकेका थिए । विदेशी ब्राण्डका जुत्ता लगाउने वामपन्थी हुन् कि रोलेक्स ब्राण्डको घडी लगाएर, ज्योतिषसँग दशा देखाएर निरन्तर सत्तामा रमाउन खोज्ने गैर वामपन्थी नेता हुन्, जुमरले यिनीहरूको विलासी जीवन र नेपालमा तंग्रिएको सर्वदलीय भ्रष्टाचारलाई अझ बढी रचनात्मक तरिकाले विस्तार गर्नुपर्ने थियो ।

कुशासन र भ्रष्टाचारले राष्ट्रिय सुरक्षालाई कसरी प्रभावित गरिरहेको छ भन्ने सूचनाको अभाव सरकार चलाउनेलाई हुँदैन । तर, काठमाडौंका मेयर र देशका प्रधानमन्त्री व्यक्तिगत स्तरमा जुधेको अवस्था हुनु भनेको सरकारमा हुनुपर्ने संवेदनशीलतामा ह्रास बढेको बिम्बका रूपमा झल्काउँछ । एमाले अध्यक्ष र प्रधानमन्त्री केपी शर्मा ओलीले २२ भदौका दिन एमालेको विधान अधिवेशनबाट 'केही अदृश्य शक्तिले राष्ट्रवादी सरकार गिराउनको लागि युवालाई उचालिरहेका छन्' जस्ता अभिव्यक्ति दिए ।

भनिन्छ, नागरिकको पीडा महसुस गर्ननसक्ने कुनै पनि शासक गणितीय हिसाबले जति बलियो भए पनि आम नागरिकको नजरमा अस्वीकृत भइसकेको हुन्छ । सरकारले बहुमतको भरमा केवल भयको प्रदर्शन गर्नसक्छ । भित्रबाट कमजोर सरकारले नागरिक स्तरबाट विरोधको सामना गर्नुपर्दा आफ्नो नियन्त्रण कायम राख्न छल र क्रूरतालाई एकैसाथ निर्दयतापूर्वक प्रयोग गर्छ । जेनजी आन्दोलनमा हेर्दाहेर्दै ७४ जनाको हत्याले त्यही देखाउँछ । संख्या बढ्दो छ । साथै, आन्दोलनका दौरान सृजित विध्वंसले नेपालमा सुरक्षा विश्लेषणको क्षमतामाथि सदैव प्रश्न गरिरहे छ । पछिल्ला दशकमा देश हाँक्न असमर्थ 'आलोपालो प्रधानन्त्रीहरु' ले युवाले गर्ने हरेक आन्दोलनमा बल प्रयोग गरेका छन् । पार्टीभित्र होस् कि अन्य सार्वजनिक क्षेत्रमा, यिनीहरूले युवा मर्मलाई मर्माहत पार्न कीर्तिमान हासिल गरेका रहेछन् ।

**सेनाको 'सहजीकरण'**

आज नभए भोलि, 'नेपो बेबीज' मा लागेका जेनजी र अदूरदर्शी नेतृत्वबीचको घर्षणले साँच्चिकै सिंहदरबारमा आगो लगाइदिनेसम्मको विद्रोह हुनसक्ला भन्ने सम्भावनाप्रति शक्ति दुरुपयोगको लत लागेका दलपति भन्दा सेनापति पक्कै पनि अग्रचेती थिए । किनभने सेनाले देशमा हुने विभिन्न गतिविधि र त्यसले उत्पादन गरिरहेको 'न्यारेटिभ' ( कथ्य) को गहिरोसँग विश्लेषण गर्छ भन्ने मान्यता छ। न्यारेटिभ आफैंमा सत्य हुँदैन । यसले सत्यलाई विशेष तरिकाले बुझ्न प्रेरित गर्छ । न्यारेटिभ तटस्थ वा निर्दोष पनि हुँदैन, सधैं रणनीतिक हुन्छ । न्यारेटिभले निर्माण गर्ने अवधारणाको खपतको लागि आवश्यक ग्रहणशील तप्का चाहिएको हुन्छ । गणतन्त्रजस्तो उच्चतम व्यवस्था ल्याउँदासम्म सान्दर्भिक देखिएका पुराना नेताको अक्षमता र भ्रष्टाचारबाट आमजनता आजित नभएको भए दुर्गा प्रसाईंजस्तो अराजक व्यक्तिको पछाडि किमार्थ भिड लाग्ने थिएन । 'नेपो बेबीज' आन्दोलन भ्रष्टाचारविरुद्ध जेनजी पुस्ताले नेपालजस्तो देशको राजनीतिमा परिणाम विस्थापन गरिदिनसक्ने 'टुलकिट' को रूपमा प्रयोग होस् भनी निगरानी गर्ने शक्ति नेपाल बाहिरबाट पनि चासो राख्नु स्वाभाविक नै भयो । दलका हनुमानले उपद्रव मच्चाउन सक्छन् ।

सगर्व आफूलाई 'झोले' करार गर्नसक्छ । नागरिक आवाजलाई भद्रगोल पार्न बहुमतीय सरकारको 'गोयवल्स विभाग' सक्रिय हुनसक्छ । दक्षिण एसियामा देखिएका भूराजनीतिक कम्पनको प्रभावबारे केपी ओलीले दिने गरेका अभिव्यक्ति उनको बालुवाटारमा बसिरहँदाको अनुभूति पनि हुनसक्छ । निवर्तमान प्रधानमन्त्रीले दक्षिण एसियामा प्रभुत्वको प्रतिष्पर्धामा रहेका शक्ति राष्ट्रसँग सन्तुलन मिलाउन किन सकेनन् ? त्यो शिव पुरीबाबालाई साक्षी राखेर उनले सोच्नुपर्छ । केपी ओलीले महानगरको मेयर बालेन शाहलाई बधाईसँगै तबला उपहार दिएका थिए । सिंहदरबार जलाउने दिन आउँदासम्म जेनजी को 'डिफ्याक्टो लिडर' र केपी ओलीबीच कहिल्यै ताल मिलेन ।

विगत आठ वर्षमा नेपालको प्रतिनिधिसभामा प्रवेश गराई बहस गराइनुपर्ने परियोजनालाई उग्रराष्ट्रवादलाई उचालेर सडकको मुद्दा बनाइने काम भयो र संसदमा बहस नभइकन कार्यान्वयनमा ल्याइएको थियो । यी पटकथामा मिसिँदै गएका भूराजनीतिक प्रभाव र त्यसले घरेलु राजनीतिमा निम्त्याउन सक्ने प्रभावलाई सेनाजस्तो निर्णायक शक्तिले सुरक्षा अव्यवस्थाको रूपमा लिने गर्दछ । अमेरिकी कूटनीतिज्ञ जर्ज केननले आफ्नो प्रसिद्ध ३० अप्रिल १९४८ को स्टेट डिपार्टमेन्ट मेमोमा गरेको गरेको विश्लेषण यस्तो छ, 'राजनीतिक युद्धमा राष्ट्रिय उद्देश्य प्राप्त गर्न युद्धबाहेकका राष्ट्रको कमाण्डमा रहेको सबै साधनको प्रयोग हो । त्यस्ता प्रयोग खुला र गोप्य दुवै हुन्छन् । तिनीहरूले राजनीतिक गठबन्धनलगायत अन्य तालमोलसमेत गर्ने गर्छन् ।'

काठमाडौंको मेयर पदको शपथपश्चात् बालेन जंगी अड्डामा बधाई थाप्न जाँदा नेपाली सेनाले देशको भविष्य युवामा देख्नु सामान्य कुरा हो । सेना भनेको देशलाई अन्तिम खतराबाट बचाउनको लागि तयार पारेर राखिएको गर्भिलो संस्था हो । नेपाली सेनाको गौरवमय इतिहास छ । यद्यपि, नेपालका ख्यातिप्राप्त सम्पादकस्तरीय लेखकले नेपाली सेनाले पछिल्ला केही दशकयता नेपालको (भू) राजनीतिमा खेलेको भूमिका रोचक ढंगले दस्तावेजीकरण गरेका छन् । नेपालको राजनीतिक कोर्षभित्र भूराजनीतिक चाहनालाई पनि सम्बोधन गर्नुपर्ने गम्भीरता नबुझे देशमा शान्ति कायम रहन सक्दैन, जुन कि शान्ति विकासको आधारभूत शर्त हो भनी नेपाली सेनाको आँकलनको बहुआयमिकताको प्रवाह प्रधानमन्त्री कार्यालयसम्म पुगेन होला भन्ने मान्न सकिन्न ।

२०१७ सालमा निर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गर्न आफ्नो परमाधिपतिको आदेश मानेका तत्कालीन शाही नेपाली सेनाले लोकतान्त्रिक र गणतान्त्रिक व्यवस्थामा सदैव नागरिकको भावनालाई केन्द्रमा राख्दै आएको छ । राजनीतिले सेनाको परम्परावादी संरचनालाई हल्लाउन खोज्दा रुक्माङ्गत कटवाल प्रकरणले झस्काइरहेको हुन्छ । यद्यपि, जेनजी विद्रोहबाट सिर्जित राजनीतिक तरलतालाई ठोस आकार दिन सेनापति र परमाधिपतिबीचको रसायनले व्यवस्थालाई जोगाएको छ । अन्तरिम सरकारले आफ्नो दायित्व पूरा नगरुञ्जेल यो संक्रमणकालमा नेपाली सेना राजनीतिको मियोको रूपमा रहने भयो । सेनाले राति १० बजेमात्र किन कमाण्ड सम्हाल्यो ? के सेनाले चाहेको भए जेनजीको हत्यापछि सिर्जित परिस्थितिबीच सिंहदरबार जलाउने न्यारेटिभ सत्यमा परिणत हुनु फगत संयोग हो कि योजनावद्ध सफलता ? जेनजी आन्दोलनको विध्वंश कथाका अप्रकटित पाटो भविष्यमा 'डीकोड' हुने नै छ ।

जेनजी आन्दोलन विकसित हुन नपाउँदै परिस्थितिले सृजना गरेको संक्रमणकालले दिनुपर्ने तत्कालीन राजनीतिक निकास दिएको छ । अन्तरिम सरकारले पाउनुपर्ने अन्तर्राष्ट्रिय समर्थन पाइसकेको छ । पुराना दलका तेस्रो पुस्ताका नेता संयमित देखिएका छन् । दोस्रो पुस्तावाला संसद विघटन गैरसंवैधानिक छ भनी रोइलो गर्दै विज्ञप्ति प्रवाहमा लागेका छन् । पहिलो पुस्ता मौन छ ।

उनीहरुको मौनताको दुई कारण हुनसक्छ । पहिलो, अहिले बोल्यो भन्ने पोल्नसक्छ । पर्ख र हेर । दोस्रो, फागुन २१ मा तोकिएको निर्वाचन हुन्छ भनी उनीहरूलाई नलागेको हुनसक्छ । नेपाली राजनीतिमा अंक गणितको माहिर खेलाडी भइसकेका बूढा पुस्ताका (रिजेक्टेड बाई यूथ) यी नेताहरू संक्रमणकालमा अभ्यास गरिने ज्यामितिका कोर्भट रेखाबारे पनि जानकार छन् । शायद, ती पुराना नेतालाई थाहा छ कि, जेनजी आन्दोलनको म्याण्डेट पूरा गर्न ६ महिने संक्रमणकाल काफी छैन ।

नेपालमा राजनीतिक स्थायित्वको अभावका कारण सुशासन कायम हुन नसकेको जेनजी शक्तिलाई थाहा छ कि वर्तमान संविधानलाई टेकेर त्यो सम्भव छैन । तर, यो संक्रमणकालको सहजकर्ता नेपाली सेनाले देशमा विभाजित राजनीतिक मनोविज्ञान र यसले निम्त्याउने थप अराजकताबाट देशलाई अझ पनि जोगाउने छ भनी आशा गर्न सकिन्छ । नागरिक समाज, जिम्मेवार मिडिया सबैले तोकिएको मितिमा निर्वाचन होस् भनी आवाज उठाइरहेका छन् । भेन्टिलेटरमा रहेको संविधानको मर्मलाई जीवित गर्नुको अर्को विकल्प पनि छैन । संक्रमणकालले थुप्रा विकल्पहीन परिस्थिति निर्माण गरिरहेको हुन्छ । यो ६ महिनामा काठमाडौं महानगरको काम (एक्सन) कस्तो रहला ? वर्तमान सरकारले गिरीबन्धु काण्ड, भुटानी शरणार्थीजस्ता 'बिग स्क्याम' लाई कुन रूपमा स्पर्श गर्छ ? त्यसले अन्तरिम सरकारको राजनीतिक नियतलाई स्पष्ट पार्नेछ । हुनसक्छ कि, तोकिएको मितिमा हुने भनिएको निर्वाचनमा जेनजी आन्दोलनका डिफक्याटो नेता बालेन्द्र शाहको नेतृत्वमा देशमा नयाँ राजनीतिक दलको जन्म पनि हुनसक्छ । ट्रंकलाई बक्यौता उठाउने ऊर्जा मन्त्री कूलमान घिसिङको निर्णय कांग्रेस-एमालेका ती कार्यकर्तालाई पनि उचित लागेको होला, जसले पार्टी कमाण्डरको इगोको आगोबाट बच्न कूलमानको दानवीकरण गर्न लागिपरेका थिए ।

जेनजी सेन्टिमेन्टले राजनीतिक दल खोल्नको लागि यो सरकारमा आफ्नो अधिकतम नियन्त्रण राख्न चाहनेछ । समयमै निर्वाचन गराउन मौखिक प्रतिबद्धता जनाउन शुरु गरेको सरकारले केवल निर्वाचन आयोगको सक्षमता र कार्यतालिकामा भर नपर्न सक्ला। भूराजनीतिक क्यालेण्डर मिलाउनुपर्ने हुन्छ र अन्तरिम सरकारले एक्लै त्यो गर्न सक्दैन । जेनजी समूहभित्र 'साम्पाङ सुरुङ' निर्माण भइसकेको छ । अन्तरिम सरकारले गर्ने कुनै पनि सोच वा निर्णय, त्यसले समग्र मधेशको राजनीतिमा कस्तो प्रभाव पार्छ ? त्यो आफैंमा गम्भीर छ । मधेशको जेनजीको 'एलगोरिद्म' मा अधिकारको सवाल अझ सकेको छैन । मधेशको जेनजीले महोत्तरीको एकडारामा पुर्ख्यौली घर भएका र्‍यापर बालेनले गाएको '...गरिबको चमेली' मात्र होइन, महोत्तरीकै भ्रमरपुराका र्‍यापर मान्याले नेपाल प्रिमयर लिगको बेला गाएको 'ओधबाध' फर्क यति छ कि मान्याको र्‍यापप्रति बढ्दो क्रेजको पहुँच जंगी अड्डासम्म पुग्न सक्दैन । जनेजी आन्दोलनको बेला नेपालको संक्रमणकाल बदलिँदो भूराजनीति अवस्थालाई अन्तरिम सरकारलाई धेरै सहजताको आवश्यकता छ । किनभने, नेपाल भूरणनीतिक दृष्टिकोणले शक्तिशाली छ । पछिल्ला दशकयता नेताहरू शक्ति सन्तुलनको नाममा धेरै नै असन्तुलित भए

-नेपाल प्रेस

# सीके राउतबाट अलग भएका नेताहरूले गठन गरे नयाँ पार्टी घोषणा



**खबर दर्पण समाचारदाता**

**असोज ४ गते, महेन्द्रनगर**

डा.सीके राउत अध्यक्ष रहेको जनमत पार्टीबाट कारबाहीमा परेका तथा अलग भएका नेताहरूले आज (शनिबार) नयाँ पार्टी घोषणा गरेका छन् ।

मधेस प्रदेशको राजधानी जनकपुरमा डा.सञ्जयकुमार साहको अध्यक्षतामा दुई दिनसम्म चलेको बैठकबाट पार्टीका विद्रोही नेताहरूले 'जनस्वराज' नामक पार्टी गठन गरेका हुन् ।

सम्यक् समाजका लागि सामूहिक नेतृत्वमा पार्टी सञ्चालन गर्ने भएकाले पार्टी अध्यक्ष कसैलाई नबनाएको ई.दीपक साहले बताए । उनले भने, 'पार्टी सञ्चालनका लागि विभिन्न विभागहरू गठन गर्छौं, त्यो विभागको जिम्मेवारी दिएर पार्टी सञ्चालन गर्छौं ।'

पार्टी गठनसँगै तीन वटा विभाग पनि बनाइएको छ। साहलाई राजनीतिक संगठन विभागको जिम्मेवारी दिइएको छ भने ई. सुरेन्द्रनारायण यादवलाई आर्थिक विभागको जिम्मेवारी दिइएको छ। त्यस्तै प्रशिक्षण विभागको जिम्मेवारी डा. सञ्जयकुमार साहलाई दिइएको छ ।

यसरी विभिन्न विभागमा जिम्मेवारी दिएर पार्टीका गतिविधिहरू बढाइने नेता दीपक साहले बताए। अन्य नेताहरूलाई पनि यसैगरी विभागीय जिम्मेवारी दिने तयारी भइरहेको उनले सुनाए । दीपक साह यसअघि जनमत पार्टीमा उपाध्यक्ष तथा अनुशासन समिति संयोजक थिए भने ई. यादव कोषाध्यक्ष थिए । दुवैलाई जनमत पार्टीका अध्यक्ष राउतले कारबाही गरेर निकालेका हुन् ।

जेनजी आन्दोलनपछि जनमतका उपाध्यक्ष अब्दुल खानको नेतृत्वमा केही नेताले विद्रोह गरेर पार्टी छाडेका थिए। हाल उनीहरू गठन भएको नयाँ पार्टीमा त छैनन् तर नयाँ पार्टीसँग निरन्तर कुराकानी भने भइरहेको नेता दीपक साहले जानकारी दिए ।

# दशैंपछि मधेश प्रदेश सरकारका सबै सेवा नियमित हुन्छ : मुख्यमन्त्री सिंह



**खबर दर्पण समाचारदाता**

**असोज ४ गते, महेन्द्रनगर**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले दशैं सकिएलगत्तै प्रदेश सरकारले प्रदान गर्ने सबै सेवा पूर्ण रूपमा नियमित रूपमा सञ्चालनमा आउने बताएका छन् ।

लामो समयदेखि राजनीतिक अस्थिरता, मन्त्री फिर्ता र आन्दोलनपछिको अव्यवस्थाले प्रभावित भएका सेवाहरू अब व्यवस्थित रूपमा अघि बढ्ने मुख्यमन्त्री सिंहले बताए ।

शनिबार जनकपुरधाममा सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने, 'जनताको सेवा रोकिएको छैन । तर, व्यवस्थित रूपमा अघि बढाउन केही समय लागेको हो। दशैंपछि सबै सेवा सुचारु गरेर प्रदेश सरकारलाई गतिशील बनाइने छ ।' उनले प्रदेश सरकार स्थायित्वतर्फ उन्मुख भएको र जनताले अपेक्षा गरेका काममा ढिलाइ भए पनि अब गति दिने आश्वासन दिएका छन् ।

हालको राजनीतिक परिस्थितिमा प्रदेशसभा भवन क्षतिग्रस्त हुनु, प्रशासनिक अवरोध र कार्यप्रवाहमा ढिलाइका कारण सेवामा असर परेको उनले बताए। तर, यी सबै समस्याहरू क्रमशः समाधानको चरणमा पुगेको उनले जानकारी दिए ।

मुख्यमन्त्री सिंहले विशेषगरी शिक्षा, स्वास्थ्य, कृषि र भौतिक पूर्वाधार क्षेत्रका योजनाहरू दशैंपछि तीव्र गतिमा अघि बढाउने बताए । उनले प्रदेश सरकार जनताको विश्वास जित्न प्रतिबद्ध रहेको दोहोर्याए ।

यस्तै, संघीयताको प्रभावकारिता मधेशमै देखाउनुपर्नेमा जोड दिँदै सबै राजनीतिक दलबीच साझा समझदारी आवश्यक रहेको उनले बताए। मुख्यमन्त्री सिंहको भनाइ अनुसार आगामी दिनमा प्रदेश सरकार स्थिरतासहित जनतामुखी नीति र सेवा प्रवाहमा केन्द्रित हुनेछ ।

# जनकपुर ब्युँझाउने जचुकालिको त्यो साइरन

**अजित तिवारी**

**असोज ४ गते, बर्दिवास**

२३ भदौको काठमाडौंको जेन-जी प्रदर्शनमा भएको सरकारी दमनको आक्रोशले भोलिपल्ट २४ भदौमा जनकपुरमा पनि सडकमा उतार्‍यो युवालाई । प्रदर्शनकारीको एउटा ठूलै समूह मधेश-प्रदेश सरकारको मुख्यालय रहेको जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकालि) तिर सोझियो ।

जचुकालिको महाप्रबन्धक बस्ने मुख्य कार्यालय र चुरोट उत्पादनका लागि मेसिन जडान गरिएको भवनबाहेक मधेश प्रदेश सरकारले सबै भवन र आवास प्रयोग गरिरहेको छ ।

मुख्य भवनसँगैको रातो बंगलामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय छ । सुरुमा प्रदर्शनकारीले त्यहींबाट विध्वंस मच्चाए- सुरक्षार्थ खटिएका नेपाल प्रहरीलाई लखेट्दै मुख्यमन्त्री कार्यालय प्रवेश गरेर। लुटपाट, तोडफोड र आगजानीपछि तिनले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को नेमप्लेट मेटेर लेखे- 'जेन-जी मन्त्रिपरिषद्' ।

त्यसपछि त्यो भीडले जचुकालिकै परिसरमा रहेको शिक्षा तथा संस्कृति मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, खानेपानी तथा सिँचाइ मन्त्रालय, जचुकालिको अधिकृत तहका अधिकारीहरू बस्ने चारतले एउटै भवनमा रहेको स्वास्थ्य, अर्थ, वन तथा वातावरण र उद्योग तथा पर्यटन कार्यालयमा पनि आगजानी र तोडफोड गर्‍यो । भीड त्यसपछि जचुकालिको आवासीय क्षेत्र प्रवेश गर्‍यो, जहाँ ठूलो संख्यामा प्रदेश सरकारका कर्मचारी परिवारसहित बस्छन् । कर्मचारी र उनका परिवारहरू हात जोडेर उभिएपछि प्रदर्शनकारीले त्यहाँ केही गरेनन् । प्रदर्शनकारीले जचुकालिभित्रैको प्रदेश प्रमुखको कार्यालय र सचिवहरू बस्ने निवासमा पनि तोडफोड र आगजनी गरे ।

प्रदेश प्रमुखको आवास रहेको जचुकालिको चेयरम्यान बंगला, मुख्यमन्त्रीको निवास रहेको जचुकालिको गेस्ट हाउस र मन्त्रीहरू बस्ने निवासमा भने नेपाली सेनाको सक्रियताका कारण क्षति हुन पाएन। प्रदेश सरकारले प्रयोग गर्ने करिब दर्जन बढी गाडीमा प्रदर्शनकारीले आगो झोसिदिए ।

जचुकालिको खरानी टकटक्याएर प्रदेश सरकारले फेरि सचिवालय चलाउने तयारी थालिसकेको छ । तत्कालका लागि मुख्यमन्त्री कार्यालय जचुकालिको कभर्ड हलबाट सञ्चालन गर्ने तयारी भइरहेको छ । मुलुक संघीयतामा गएपछि जनकपुर चुरोट कारखानाको आवासीय क्षेत्रमा प्रदेश सरकारको सचिवालय राख्न संघीय सरकारले अनुमति दिएको थियो । जेन-जीको आन्दोलनमा प्रदेश सरकार तारोमा पर्दा जचुकालिको भौतिक संरचना ध्वस्त बनेको छ ।




एक समय राष्ट्रलाई सर्वाधिक कर बुझाएको, करिब ४ हजारलाई प्रत्यक्ष रोजगारी दिएको र धेरैजसो आन्दोलनको साक्षी बनेको जचुकालि युवाको आक्रोशको सिकार बन्यो । ३३ बिघा, ९ कट्ठा जग्गा चर्चेको जचुकालिको ८ बिघामा रहेको कारखाना भवन र प्रमुख प्रशासनिक भवनबाहेक क्षेत्रमा हाल मधेश प्रदेश सरकारको मुख्यालय र आवास छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी र प्रदेशसभा सचिवालयबाहेक मधेश प्रदेश सरकारका सबै मन्त्रालय एवं मन्त्री, सचिव र कर्मचारीको आवास जचुकालिभित्रै छ । जचुकालिको आफ्नै विद्यालयमा भने मुख्य न्यायाधिवक्ताको कार्यालय छ, अस्पताल भवनमा सुरक्षाका लागि सशस्त्र प्रहरीको युनिट तैनाथ गरिएको छ । बैंक भवनमा शिक्षा तथा संस्कृति मन्त्रालय खडा गरिएको छ ।

प्रादेशिक संरचनापछि सरकारले ७ वटा प्रदेशको अस्थायी राजधानी तत्कालीन प्रदेश-२ को मुकाम जनकपुरलाई मात्र तोकेन, जचुकालिको आवास क्षेत्र प्रयोग गर्न अनुमति पनि दिइयो । तत्कालीन गृहमन्त्री विमलेन्द्र निधिले जचुकालिलाई जिल्ला प्रशासन कार्यालय धनुषा मातहत ल्याएर प्रदेश सरकारलाई प्रयोग गर्न अनुमति दिने निर्णय गरेका थिए ।

**जचुकालिको स्वर्णिम इतिहास**

जचुकालिले उत्पादन गर्ने र सर्वाधिक खपत हुने 'याक' चुरोटको स्लोगन थियो, 'अकबरी सुनलाई कसी लगाउनु पर्दैन ।' फिल्टर नभएको 'गैंडा' चुरोट तराईदेखि हिमालसम्मै रुचाइएको थियो । 'याक', 'गैंडा', 'सयपत्री' र 'देउराली' ब्रान्डका चुरोट उत्पादन गर्ने जचुकालिले ०६८ चैतदेखि चुरोट उत्पादन बन्द गर्‍यो । ०७० असार २० गतेदेखि यो कारखाना बन्द छ ।

तत्कालीन सोभियत संघका राष्ट्रपति मार्शल बोरोसिलोभ २०१६ माघ २४ गते नेपाल भ्रमणमा

*बाँकी पृष्ठ २ मा*

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,